# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३६ २०८० माघ १० बुधबार


## सम्पादकीय

# रनिङ शिल्ड सफल बनाऔं

रुकुम पूर्व जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड यसपटक भूमे गाउँपालिकाको महतमा हुने भएको छ। जिल्ला खेलकुद विकास समिति तथा निर्देशन एवं व्यवस्थापन समितिको बैठकले माघ २६ गतेदेखि २९ गतेसम्म १५ औं राष्ट्रपति शिल्ड भूमे गाउँपालिकाको महतमा सम्पन्न गर्ने निर्णय गरेको छ।

भूमे गाउँपालिकामा यस वर्षको राष्ट्रपति रनिङ शिल्ड हुनु भनेको हाम्रो लागि यो अवसर र चुनौती दुवै हो। यसलाई कसरी भव्य रुपमा सम्पन्न गर्ने र गाउँपालिकाको व्यवस्थापकीय तथा समग्र पक्षलाई सम्पूर्ण जिल्लाबासीमाझ कस्तो सन्देश पु-याउने भन्ने यसमा हाम्रो खटनपटनले देखाउँछ। रुकुम पूर्वका सबै विद्यालयबाट सहभागी हुने खेलाडी, शिक्षक, विद्यार्थी, अभिभावकलाई हामीले शिल्ड अवधिभर कस्तो आतिथ्य प्रदान गर्न सक्छौं भन्ने विषयले पनि हाम्रो गाउँपालिकाको इज्जत रहन्छ।

राष्ट्रपति रनिङ शिल्ड आफ्नै पालिकामा हुँदा पालिकाबासी सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र स्थानीयबासीले यस कार्यक्रमलाई आफ्नै ठानेर लागौं। भूमे गाउँपालिकाको आतिथ्य र सत्कारले जिल्लाबासी सबैलाई राम्रो छाप छोडौं। रनिङ शिल्ड भव्य रुपमा सफल बनाउन सबै जुटौं।




प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# चुनबाङका किसानलाई मिनी टिलर वितरण



चुनबाङका किसानहरुले मिनी टिलर (बारी जोत्ने मेसिन) पाएपछि खेतबारीमा गोरु धपाउनु पर्ने बाध्यता नहुने र कम समयमै धेरै काम गर्न सजिलो हुने आशा गरेका छन्।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकाले किसानलाई खेतबारी जोत्ने मेसिन (मिनी टिलर) वितरण गरेको छ। गाउँपालिकाको कृषि शाखा केन्द्रले ५० प्रतिशत अनुदानमा वडा नं. ९ चुनबाङका १२ जना किसानलाई मिनी टिलर (जोत्ने मेसिन) वितरण गरेको हो।

गत साता चुनबाङमा आयोजित एक कार्यक्रममा पालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले किसानहरुलाई मिनी टिलर हस्तान्तरण गर्नुभएको थियो। टिलर हस्तान्तरण गर्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले परम्परागत तरिकाले गरिने कृषि पेशालाई व्यावसायिक बनाउन प्रविधिको

प्रयोग अनिवार्य भएको बताउनु भयो। उहाँले विभिन्न कृषि औजार तथा नयाँ प्रविधिमा आधारित यन्त्रहरुको प्रयोगले उत्पादन वृद्धि गर्नुका साथै कृषिमा आधुनिकीकरण गर्न सहज हुने र कृषकलाई कम खर्चमै राम्रो उत्पादन गर्न सहज हुने बताउनु भयो। मेसिनरी औजार मिनी टिलर (हलो)ले गोरुलाई जस्तो वर्षभरि पालेर राख्नु नपर्ने हुँदा उक्त औजार वितरण गरिएको भूमे गाउँपालिका कृषि शाखा केन्द्रका ना.प्रा.स. विशाल पुन मगरले जानकारी दिनु भयो। मिनी टिलर पाएपछि खुसी हुँदै चुनबाङका किसान धनप्रसाद बुढाले अब खेती किसान गर्न सजिलो हुने र हलो जुवा बोकेर गोरु धपाउँदै हिड्नुपर्ने बाध्यता अन्त्य हुने बताउनु भयो। मेसिन भएपछि खेतबारीमा काम गर्न गोरुभन्दा छिटो र सजिलो हुने बुढाको भनाई छ। मिनी टिलर वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, वडा नं. ९ अध्यक्ष विनोद बुढा, वडा सदस्य मनकुमारी कामी, कृषि शाखा केन्द्रका ना.प्रा.स. विशाल पुन, मोहन कुमार डाँगी, वडा सचिव विशाल रोका मगर लगायत किसानहरुको उपस्थित रहेको थियो।

# राष्ट्रिय पुरस्कारबाट मारिङ सहकारी पुरस्कृत

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिका-२ खाबाङबगरमा रहेको मारिङ बहुउद्देश्यीय सहकारी संस्था राष्ट्रिय पुरस्कारबाट पुरस्कृत भएको छ। कृषि विभाग अन्तर्गत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले मारिङ बहुउद्देश्यीय सहकारी संस्थालाई पुरस्कृत गरेको हो।

दोस्रो राष्ट्रिय जैविक विविधता दिवसको अवसरमा मारिङ सहकारी पुरस्कृत भएको मारिङ कृषि सहकारीका संस्थापक अध्यक्ष रामसुर बुढाले जानकारी दिनुभयो।

कृषि जैविक विविधता संरक्षण र प्रवर्द्धनमा निरन्तर रूपमा सक्रिय रही उल्लेखनीय योगदान गरेको भन्दै केन्द्रले सहकारीलाई २५ हजार नगदसहित पुरस्कृत गरेको हो। अध्यक्ष बुढाका अनुसार कृषि जैविक विविधता संरक्षण र प्रवर्द्धनमा योगदान गर्ने देशभरका सबै प्रदेशबाट कृषक, समूह तथा सहकारीलाई पुरस्कृत गर्ने कार्यक्रमअन्तर्गत लुम्बिनी प्रदेशबाट मारिङ बहुउद्देश्यीय सहकारी संस्था पुरस्कृत भएको हो।

सहकारीले स्थानीय कृषकले उत्पादन गरेका कृषि उपज, निर्माण गरिएका वस्तुहरु खरिद गरी बिक्री गर्दै आएको छ। त्यस्तै दैनिक उपभोग्य सामानका लागि सस्तो पसल पनि सञ्चालन गर्दै आइरहेको छ। अर्गानिक र रैथाने कृषि बालीलाई प्रवर्द्धन गर्दै रुकुम पूर्वमा उत्पादन हुने स्थानीय उत्पादनको बजारीकरणका साथै उत्पादन प्रवर्द्धनमा जोड दिइएको बुढाले बताए।

# विदेशबाट फर्केर मौरी पालन

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । भूमे गाउँपालिका ३ का ४४ वर्षका भागीमान पुन दुई दशकअघि वैदेशिक रोजगारको सिलशिलामा साउदी, कतार र मलेसिया जानुभयो। वैदेशिक रोजगारको शिलशिलामा खाडी देशमा पुग्नुभएका भागीमानले मासिक ३० हजार मात्र कमाइ गर्नुहुन्थ्यो। दुःखपछि सुखको दिन आउलान् भनेर ऋण खोजेर विदेश जानुभएको उहाँ ३० हजारको कमाइले निराश हुँदै घर फर्कनु भयो।

घर फर्केपछि मौरी पालन व्यवसाय सुरु गर्नुभएका भागीमानले मासिक २५ हजार आम्दानी गर्दै आउनुभएको छ। उहाँ भन्नुहुन्छ, “घरमा अहिले ३७ वटा माहुरीका घार छन्। सरदर वार्षिक आम्दानी तीन लाखको हारहारीमा हुने गर्दछ।” विदेशमा घामपानी, भोक, निन्द्रा नभनी काम गर्दा जम्मा ३० हजार कमाउनुभन्दा त स्वदेशमै थोरै लगानीबाट सुरु गरेको व्यवसायले मासिक २५ हजार आम्दानी हुनु आफ्नो लागी निकै राम्रो भएको भागीमान बताउनु हुन्छ।

“पहिले लेकभरि भैंसी बगाल हुन्थे, मेरो घरको गुजारा त्यसैबाट राम्रो चलेको थियो”, भागीमानले भन्नुभयो, “संकटकाल लागेपछि मेरो सबै सम्पत्ति सकियो र म विदेशिन बाध्य भएँ।” विदेशमा पनि कमाइ राम्रो नभएपछि स्वदेशमै केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ फर्केर मौरी पालन व्यवसाय सुरु गरेको उहाँको भनाई छ। भागीमानले सेराना जातको मौरी पाल्नुभएको छ।

**बङ्गुर पालन पनि**

भागिमानले २०७६ सालदेखि बङ्गुर पालन पनि गर्दै आउनुभएको छ। सुरुमा एउटा भाले र २ वटा माउबाट सुरु गरेको बंगुर पालनबाट पनि राम्रो आम्दानी हुने गरेको उहाँ बताउनु हुन्छ।

उहाँका अनुसार अहिले पुनसँग १ भाले र ४ बङ्गुरको माउ छन्। बंगुरको पाठा, मासु बिक्री वितरणबाट पनि मासिक २० हजार आम्दानी हुने गरेको छ। स्थानीय स्तरमा व्यवसाय गर्नेहरुलाई प्रोत्साहनस्वरुप स्थानीय सरकारले सहयोग गरिदिए हुन्थ्यो भन्ने भागिमानलाई लागेको छ।

# गाबाङमा खेलकुद प्रतियोगिता उद्घाटन



❖ बालाराम शेर्पाली

**रुकुम पूर्व ।** भूमे-२ गाबाङस्थित सल्लेरी जनविकास युवा क्लवले आयोजना गरिएको विविध खेलकुद प्रतियोगिता उद्घाटन गरिएको छ। जिल्ला समन्वय समिति प्रमुख मेघबहादुर श्रेष्ठ र गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले एकै साथ व्यानर पढेर खेलकुद कार्यक्रमको उद्घाटन गर्नुभएको हो।

जिसस प्रमुख मेघबहादुर श्रेष्ठले पुराना संस्कार संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धनका लागि जनप्रतिनिधिको ध्यान केन्द्रित रहनु पर्ने बताउनु भयो। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले क्लवले खेलका साथै शिक्षा क्षेत्रमा पनि योगदान पु-याएको भन्दै संस्थाको क्रियाशीलता अझैं बढाउन आग्रह गर्नुभयो। आफ्नो ५ बर्षे कार्यकालभित्र शिक्षा, स्वास्थ्य, सडक, खानेपानीलाई विशेष ध्यान दिने गाबाङ टोलको लागि पहल गर्ने प्रतिबद्धता जनाउनु भयो।

गाउँपालिका प्रवक्ता तथा वडा नम्बर २ का अध्यक्ष नारायण पुनले भूमेका कला संस्कृतिलाई संरक्षण, जगेर्ना गर्ने र क्लबहरुलाई वैधानिक रुपमा दर्ता प्रक्रियाको साथ अगाडि बढाउँदै लैजानुपर्ने बताउनु भयो। अनेरास्ववियू क्रान्तिकारी रुकुम पूर्व जिल्ला संयोजक चन्द्र रसाइलीले स्थानीय सरकार आएदेखि विकास गतिविधिमा फड्को मारेको र गाउँ गाउँमा सडक पुग्दा सहज भएको बताउनु भयो। सल्लेरी युवा क्लबका अध्यक्ष दिलमान बुढाको अध्यक्षतामा सुरु भएको भलिबल प्रतियोगिता उद्घाटन कार्यक्रमको स्वागत मन्तव्य हिमालय आधारभूत विद्यालय गाबाङका प्रधानाध्यापक तथा क्लबका सल्लाहकार सदस्य गोबर्धन बुढाको रहेको थियो भने कार्यक्रमको सञ्चालन पत्रकार जयमान बुढा मगरले गर्नुभएको थियो।

यसैगरी भूमे गाउँपालिकाको रिङरोडअन्तर्गत झुम्लाबाङ-क्याङ्सी-गाबाङ-त्रिवेणी सडकखण्ड र २ नम्बर वडाको गाबाङ टोलमा विद्यालय, खानेपानी, सिंचाई क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार दिगो विकास अबस्थाबारे जिल्ला समन्वय प्रमुख मेघबहादुर श्रेष्ठ, भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, भूमे गाउॅपालिका प्रवक्ता तथा २ नं. वडा अध्यक्ष नारायण पुनलगायत सञ्चारकर्मीहरुको टिमले अनुगमन गरेको थियो।

# दिगो कृषि नीतिबारे छलफल

## जेभिएफ भिलेज फाउन्डेसन झुम्लाबाङको पहलमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र किसानहरुबीच दिगो कृषि नीतिबारे अन्तरक्रिया गरिएको छ।




❖ बालाराम शेर्पाली

रुकुम (पूर्व) । गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र किसानहरुबीच दिगो कृषि नीतिबारे अन्तरक्रिया गरिएको छ। जेभीएफ भिलेज फाउन्डेसन झुम्लाबाङको आयोजनामा गत साता गाउँपालिकाको सभा हल खाबाङ बगरमा अन्तरक्रिया गरिएको हो।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले परम्परागत रुपमा किसानहरुले गर्दै आएको खेतीपातीलाई आधुनिक कृषि प्रविधि र उपाय अपनाएर उत्पादन वृद्धिका लागि जोड दिनुपर्ने बताएका थिए। उनीहरुले स्थानीय तथा प्रदेश र संघ सरकारले कृषि प्रविधि, ज्ञान र कृषिका लागि आवश्यक बीउ, मल, औषधीजस्ता अत्यावश्यक चीजहरु समयमै उपलब्ध गराउनु पर्नेमा जोड दिएका थिए।

दिगो कृषि उत्पादनले सफा, स्वच्छ, ताजा, पोषिलो कृषि उपजहरु उत्पादन गरी बजार वृद्धि हुनुका साथै कृषि उत्पादनले राम्रो मूल्य प्राप्त गरी कृषकको आर्थिक अवस्थामा सुधार ल्याउने जेभीएफ भिलेज फाउन्डेसनका शिवकुमार बुढा मगरले बताउनु भयो। भूमे गाउँपालिकाका कृषकहरुले रैथाने बालीका रुपमा खासगरी उवा, फापर, जौं, कोदो, पिँडालु, ओखर, तरुल, फर्सी, सिमी, काँक्रो र खाद्यान्न बालीमा धान, मकै लगायतका बालीहरुको खेतीपाती गर्दै आइरहेका छन्।

समयमै रासायनिक मलखाद नपाएकाले उत्पादन राम्रो नभएको कृषकहरुको भनाई छ। चालु आर्थिक वर्षमा भने रासायनिक मलखाद आयातका लागि संघीय सरकारले ३० अर्ब रकम

छुट्याएको छ। कृषिमा छुट्याएको बजेट (५८ अर्बको) ५० प्रतिशतभन्दा बढी हिस्सा रासायनिक मलको खरिदमा खर्च गरी अघिल्लो आर्थिक बर्षको तुलनामा दोब्बरभन्दा बढी रासायनिक मल भित्राउने तरखरमा रहेकोले, यो बर्ष शहर बजारको नजिकका मात्र होइन ग्रामीण भेगका किसानले पनि सुलभ रुपमा रासायनिक मलखाद किन्न पाउनेछन्।

## स्थानीय कृषि नीतिको आवश्यकता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई कृषि तथा पशुपालन, कृषि उत्पादन, व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी स्थानीय नीति, कानुन मापदण्ड, योजना कार्यान्वयन, अनुगमन, नियमन गर्ने अधिकार सुम्पेको छ। ऐनले आवश्यक परेको खण्डमा सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुनको तर्जुमा गर्नेलगायत कृषि तथा पशुपंक्षी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई, तालिम, प्रविधि प्रसार, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन गर्नेजस्ता अधिकार पनि स्थानीय सरकारमा निहित रहेको बुढाले बताउनु भयो। कार्यक्रममा गाउँपालिका जनप्रतिनिधि, किसान र विभिन्न संघ संस्थाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८०/०८१
च.नं. : ६५५

मितिः २०८०/ १० / १०

**श्री वडा कार्यालय सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्व)।**

**विषयः अभिमूखिकरण सम्बन्धमा ।**

उपर्युक्त विषयको सम्बन्धमा भूमे गाउँपालिका रुकुम (पूर्व) अन्तर्गत रोजगार सेवा केन्द्रबाट आ.व. २०८०/०८१ मा सञ्चालन हुने रोजगारमूलक आयोजनामा सहभागी हुने सूचिकृत बेरोजगार व्यक्तिहरुलाई १ (एक) दिने अभिमूखिकरण कार्यक्रम सञ्चालन हुने भएकाले सम्बन्धित वडाबाट आयोजनामा संलग्न हुनका लागि छनौट भएका सुचिकृत बेरोजगार व्यक्तिहरुलाई तपसिलको मिति, समय र स्थानमा उपस्थितिको लागि अनुरोध छ ।

**तपसिल :**
मिति: २०८० माघ १२ गते शुक्रबार
समय : बिहान १०:०० बजे
स्थान : भूमे गाउँपालिकाको, सभाहल

...........................
**( देवीलाल वि.क.)**
**प्रमुख प्रशासकीय अधिकृत**

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. सरकारले युरोपेली राष्ट्र पोर्चुगलमा राजदूतावास खोल्ने निर्णय कहिले गरेको हो?**

≅ विसं २०८० कात्तिक २

**२. भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस कहिले मनाइन्छ?**

≅ डिसेम्बर ९

**३. नारायणगोपाल स्मृति पुरस्कार, २०८० कसलाई प्रदान गरियो ?**

≅ स्वर किन्नरी तारादेवी (मरणोपरान्त) र वाङ्मयसेवी गणेश रसिक

**४. बागमती प्रदेशमा नेपाली भाषाका अतिरिक्त कुन भाषाले सरकारी कामकाजी भाषाको मान्यता पाएका छन् ?**

≅ तामाङ र नेपाल भाषा (प्रदेश सरकारका अनुसार २०८१ वैशाख २३ गतेदेखि ती भाषाहरू सरकारी कामकाजमा लागु हुने छ। राजपत्रमा प्रकाशित भएको १८० दिनपछि सो ऐन लागु हुने प्रावधान रहेको छ। बागमती प्रदेश सभाले सर्वसम्मत रूपमा पारित गरेको सो ऐन गत कात्तिक २३ गते प्रमाणीकरण भई सोही दिन राजपत्रमा प्रकाशित गरिएको थियो। संविधानबमोजिम नेपाली भाषासँगै प्रदेशभित्र बहुसङ्ख्यकले बोलिने दुई वटा भाषालाई सरकारी कामकाजी भाषा निर्धारण गर्ने बागमती पहिलो प्रदेश बनेको छ।)

**७. टाइम एथलेट अफ द इयर-२०२३ घोषित खेलाडी को हुन् ?**

≅ लियोनेल मेसी

**१४. आठौं अन्तर्राष्ट्रिय पर्वतीय महोत्सव कहिले र कहाँ सम्पन्न भएको हो ?**

≅ विसं २०८० मङ्सिर २१-२५, पोखरा

**१५. संयुक्त राष्ट्रसङ्घ महासभाका प्रथम अध्यक्ष को हुन् ?**

≅ पाउल हेनरी स्पाक (बेल्जियम, सन् १९४६), प्रथम महिला अध्यक्षः भारतकी विजयालक्ष्मी पण्डित (सन् १९५३)

**१६. राष्ट्रिय कृषि जैविक विविधता दिवस कहिले मनाइन्छ ?**

≅ माघ १ नेपालमा विसं २०७९ देखि मनाउन सुरु गरिएको यस दिवसको पहिलो दिवसको नारा : जीवन तथा वातावरणका लागि कृषि जैविक विविधता रहेको थियो।

**१७. नहर तथा जियोलोजी अड्डाको स्थापना कहिले भएको हो ?**

≅ विसं १९८६

**१८. ग्यालेन्ट कन्जर्भेसन अवार्ड पाउने पहिलो नेपाली को हुन् ?**

≅ डा. मुकेश कुमार चालिसे

**१९. नेपाल रामसार महासन्धिको सदस्य राष्ट्र कहिले बनेको हो ?**

≅ सन् १९८८ अप्रिल १७

**२०. सेतो कोइला भनी केलाई चिनिन्छ ?**

≅ जलविद्युत

***संकलनः टङ्क केसी/गोरखापत्रबाट***

# कसरी गर्ने कागती खेती ?

कागती अमिला जातका फलफूलभित्र पर्ने एउटा उत्कृष्ट जातको फलफूल हो। सधैं एकैनासको माग हुने कागती हरेकको भान्सामा अनिवार्यजस्तै हुन्छ।



कागती खेती नेपालको मध्यपहाड, वेसी र भित्री मधेशमा एक महत्वपूर्ण नगदे वालीको रुपमा विकसित हुँदै आइरहेको छ। व्यावसायिक रुपमा कागती खेतीको लागि तराई र भित्री मधेशको पानी नजम्ने ५०० मिटर उचाईदेखि मध्यपहाडी क्षेत्रको बेशी, खोंच नदी किनारा हुँदै १८०० मिटरसम्मको क्षेत्र उपयुक्त हुन्छ। गुणस्तरीय फल उत्पादनको लागि दिनमा ८ देखि १० घण्टा सूर्यको प्रकाश पर्ने, तापक्रम ५ देखि ३५ डिग्री सेल्सियस बीच रहने र हुस्सु नलाग्ने स्थानहरु उपयुक्त हुन्छन्।

कागती अमिला जातका फलफूलभित्र पर्ने एउटा उत्कृष्ट जातको फलफूल हो। सधैं एकैनासको माग हुने कागती हरेकको भान्सामा अनिवार्यजस्तै हुन्छ। स्वास्थ्यका दृष्टिले जति फाइदाजनक छ व्यापारको दृष्टिले पनि त्यत्तिकै उत्कृष्ट र फाइदाजनक छ। अहिले कागती काठमाडौं लगायत मुख्य शहरी क्षेत्रमा कम्तिमा एउटा दानाको १० देखि २० रुपैयाँसम्म पर्दछ।

पछिल्लो समय कृषकहरु कागती खेतीतर्फ आकर्षित छन्। तर, व्यावसायिक रुपमा खेती गर्ने प्रणाली भने कमै व्यक्तिहरुले गरेका छन्। कागतीको रस उद्योग क्षेत्रमा पनि उत्तिकै माग रहेको छ। कागती रसमा भिटामिन सी प्रशस्त मात्रामा पाइने हुनाले स्वास्थ्यको लागि महत्वपूर्ण फल हो।

कागती खेती गर्न पहिले त किसानले आफ्नो भुगोल, माटो, हावापानी, लगानी र बजार क्षेत्रबारे ज्ञान लिनु जरुरी छ। तपाईले खेती गरेको कति समयपछि उत्पादन दिन्छ? कति समयपछि नगद हात लाग्छ? त्यो बेलासम्म तपाईको अन्य आम्दानीले दैनिकी चल्छ चल्दैन? स्थानीय बजारमा बेच्ने हो वा सिधै काठमाडौंको कालीमाटी, पोखरा, दाङजस्ता बजार खोज्ने वा उद्योगीहरुसँग सम्बन्ध राखेर सिधै बेच्ने यो तपाईंको उत्पादन क्षमता र व्यापार कलामा भर पर्छ।

**१. हावापानी :** कागती खेतीका लागि ५०० देखि १८०० मिटरसम्म उचाइ भएको क्षेत्र उत्तम हुन्छ। तापक्रम ५ देखि ३५ डि. सेन्टिग्रेड र वार्षिक बर्षा १००० देखि २००० मिमिसम्म उपयुक्त हुन्छ। कागतीले केही हदसम्म सुख्खा सहन गर्न सक्छ तर, तुसारो सहने शक्ति निकै कम हुन्छ।

**२. माटो : व्यावसायिक कागती खेतीको लागि माटोको महत्वपूर्ण भूमिका हुन्छ।** कागती खेतीका लागि पहाडी क्षेत्रको रातो माटो, मध्य तथा तराइमा हल्का बलौटे दोमट र पानीको राम्रो निकास भएको जमिनको सतहमुनि पनि डेढ देखि दुई मिटर माटो भएको जमिन उत्तम हुन्छ।कागती खेतीका लागि माटोको पि एच मान ५ देखि ७ उत्तम मानिन्छ।

**३. कागतीका जात**

**बनारसी :** फल सानो, लाम्चिलो र डल्लो आकारको हुन्छ। गरम हावापानीमा राम्रो उत्पादन दिन्छ।यस जातको कागतीले बर्षभरि नै लगातार फल दिने गर्दछ।

**स्थानीय :** फलहरु लाम्चा र गोल आकारका हुन्छन्।यो जात चिसो हावापानी र ओसिलो ठाउँमा राम्रोसँग हुन्छ भने बोट फैलिएको तर होचो आकारको हुन्छ।बर्षभरि नै फल लाग्छ भने यसको फल रसिलो र तिख्खर हुन्छ।

**गलगल : यसको** फल अन्डा आकारको हुन्छ भने दाना अलि ठूलो हुन्छ। बिशेष गरेर यो अचार, क्यान्डी र सर्बत बनाउन प्रयोग गरिन्छ।

**४. विरुवा रोप्ने तरिका :** १ घनमिटरको खाडल खनी प्रशस्त गोबर, पात पतिङ्गर, खरानी राखेर खाडलभरि माटोले छोपिदिनु पर्दछ। बिरुवा उक्त खाडलमा रोप्नु पर्दछ।खाडल खन्दा खाडलको दूरी ४ मिटरको अन्तरमा बनाउनु राम्रो मानिन्छ।

**५. मलखाद कति राखे ?:** बोटको बिकास एवम् अधिक फलको लागि माघ, फागुन र असार, साउनमा हरेक फल लाग्न सुरु गरेका बोटलाई १ पानी डोको राम्ररी पाकेको गोबर मल दिनु उत्तम हुन्छ। मल दिदा बोटको चारैतिर रिङ्ग बनाएर दिनु राम्रो हुन्छ।

**६. पानीको व्यवस्था :** अमिलो जातका फलफूललाई खासै सिँचाइको आवश्यकता नभए पनि सुख्खा परेको बेलामा भने पानीको कमीले फूल झर्ने, फल झर्ने, फल चाउरिने, सानो फल लाग्ने हुन्छ।पानी नजम्ने गरी बोटको वरिपरि बेसिन बनाई पानी नजम्ने गरी सिँचाइ गर्ने र सिँचाइ गरिसकेपछि १ कुरेत बाक्लो हुने गरी सोत्तरको छापो दिनु राम्रो हुन्छ।

**७. गोड्मेल कसरी गर्ने ? :** कागतीको बगैंचालाई सदैव झारपातमुक्त बनाउनु पर्दछ। बगैंचाभित्र

लहरा नजाने केराउ, चना, मुसुरो पनि लगाउन सकिन्छ।

### ८. कीरा व्यवस्थापन

**कत्ले कीराहरु (Scale Insects):** कत्ले कीराहरु अचल भई फल हाँगा र पातमा टाँसिएर रस चुस्दछन्। फलको बोक्रामा दाग बनाउने हुँदा फल आकर्षक हुदैनन्। आक्रमण धेरै भएमा पात झर्ने र हाँगा नै सुक्ने हुन्छ।

**व्यवस्थापनः** एट्सो/सर्वो एग्रो स्प्रे नामक खनीज तेल १०-२० एम.एल प्रति लिटर पानीमा मिसाई फूल फुल्नु भन्दा पहिले अर्थात पौष र माघ, जेठ देखि भाद्र सम्म १५-१५ दिनको अन्तरमा बोट पुरै भिज्ने गरी छर्कने। यस कीराबाट आक्रमण भएका वोट विरुवामा मनोसिल (मोनोक्रोटोफस) विषादी २ एम. एल. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा पूरै बोट भिज्ने गरी छर्कने।

**पतेरो कीरा (Green stink bug) :** यस कीराको माउ र बच्चा दुवैले कलीला फलहरुको भेट्नुनिरबाट रस चुस्दछन्। जसको फलस्वरुप फलहरु राम्ररी छिप्पिन नपाउदै पहेंला हुन्छन् र झर्दछन्। यो कीराको प्रकोप असारदेखि असोजसम्म निकै हुन्छ।

**व्यवस्थापनः** मनोसिल १-२ एम एल प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा पूरै बोट भिज्ने गरी छर्कने।

**पात खाने कीरा (Leaf Miner) :** यो कीराले पातको माथिल्लो र तल्लो पत्रको बीचमा हुने हरियो भाग खान्छन्। मुख्यतया नयाँ कलीला पातमा आक्रमण गर्दछन् र कहिले कही लाभ्रेहरु विरुवाको कलिलो डाँठको बोक्राको बाहिरी र भित्री सुरुङ बनाउँदै हरियो भाग खान्छन्।

**व्यवस्थापनः** रोगर वा मनोसिल विषादीमध्ये कुनै एक २ एम.एल प्रतिलिटर पानीमा मिसाएर पूरै पात भिज्ने गरी १५-१५ दिनको अन्तरमा छर्ने।

### ९. रोग व्यवस्थापन

**फेद र जरा कुहिने रोग (Phytopthora rot)**
बिरुवाको काण्ड, जरा वरिपरि पानी जम्ने वा बढी आर्धता भएमा यो रोग लाग्दछ। यो रोग लागेमा जराहरु कुहिन्छन्। काण्ड वरिपरिबाट सड्न थाल्दछ, पातहरु पहेलिएर झर्न थाल्दछन् र अन्त्यमा गएर पुरै बोट नै सुक्दछ ।

**व्यवस्थापन :** बोट विरुवाको जरामा भरखरै रोगले आक्रमण गरेको छ भने रोगी बोटको फेदको माटो हटाई जरालाई सिकेचरले काटी हटाउने र सो ठाउँमा बोर्डो पेष्ट लगाई वा वोर्डोमिक्चरले ड्रेन्चिङ्ग गरी पुरी दिने। बोट विरुवालाई रोगको आक्रमणबाट









बचाउनको लागि विरुवाको काण्डमा वर्षको १ पटक माघ-फागुन महिनामा वोर्डो पेष्ट लगाउने।

**खराने रोग (Powdery mildew)** : यो रोग लागेका हाँगा र पातहरुमा सेतो पाउडर जस्तो धुलो देखा पर्दछ। पातहरु साना हुन्छन् र परिपक्क नहुदै झर्ने गर्दछ। फल उत्पादनमा कमि हुन्छ। अन्त्यमा बोट नै मर्न सक्छ।

**व्यवस्थापनः** रोगबाट आक्रमण भई सुकेका मुनाहरुलाई काटछाँट गरी जलाइदिनु पर्दछ। पालुवा निस्कने समयमा क्याराथियन नामक विषादी ०.५ एमएल प्रतिलिटर पानीमा घोली १० देखि १५ दिनको अन्तरमा २ देखि ३ पटक पूरै बोट भिज्ने गरी छर्नु पर्दछ।

**सिट्रस क्याङ्कर (Citrus cankar):** यो रोग लागेको पातहरुमा दुबैपट्टि काला र खैरा दागहरु देखिन्छन्। रोग बढ्दै गएमा हाँगाहरुमा पनि आक्रमण भई पातहरु झर्दछन्। फलहरुमा पनि काला खटिरा देखिन्छन्। बढी आर्द्रता यो रोगको लागि अनुकुल हुन्छ।

**व्यवस्थापनः** रोग लागि सुकेका मुना र हाँगाहरुलाई काटेर जलाई दिनु पर्दछ। रोगको प्रभावकारी ब्यवस्थापनको लागि १ प्रतिशतको वोर्डो मिश्रण फागुन, जेष्ठ र असोज महिनामा बोट विरुवाहरुमा छर्नु पर्दछ।



# दुधको परिचय, बनावट, गुणस्तर तथा मापदण्ड



❖ **नारायण ओली**

**परिचयः** दुध एक पोषक युक्त सेतो तरल पदार्थ हो। जुन पोथी स्तनपायी प्राणीहरूको स्तन ग्रन्थीले उत्पादन गर्दछ। यो अन्य प्रकारका खाना पचाउन सक्ने क्षमता विकास हुनुभन्दा अघि शिशुको लागि पोषणको स्रोत हो। नवजात शिशुहरू प्रायःजसो दुधमा निर्भर हुने गर्छन्। सुरुको दुधमा कोलोस्ट्रम हुन्छ, जसले आमाको एन्टिबडीहरू आफ्ना शिशुलाई दिन्छ। जसले गर्दा रोगहरूको जोखिम कम हुने गर्दछ। यसमा प्रोटिन र ल्याक्टोजसहित अन्य धेरै प्रकारका पोषक तत्त्वहरू समावेश हुन्छ। साधारणतया दुधमा ८५ प्रतिशत पानी हुन्छ । बाँकी भागमा ठोस तत्त्व वा खनिज तथा बोसो हुन्छ। गाईभैंसी बाहेक बजारमा विभिन्न कम्पनीहरूको प्याक गरिएको दुध पनि उपलब्ध हुन्छन्। दुधमा प्रोटिन, क्याल्सियम र राइबोफ्लेविन पाउँछ। यसबाहेक यसमा भिटामिन ए, डी र ई सहित फस्फोरस, म्याग्नेसियम, आयोडिन तथा धेरै खनिज र बोसो तथा ऊर्जा पनि पाइन्छ।

दुध भन्नाले स्वास्थ्य गाई वा भैंसीको थुनबाट दुहेको स्वाभाविक अवस्थाको ताजा श्रावलाई सम्झनु पदर्छ।(खाद्य प्रविधि तथा दुग्ध नियन्त्रण विभाग २०६३)

दुध भन्नाले स्वास्थ्य गाई वा भैंसीको थुनबाट दुहेको स्वाभाविक अवस्थाको स्वच्छ, ताजा श्रावलाई सम्झनु पर्दछ।(खाद्य नियमावली २०५७)

**दुधका प्रकारहरू**

क) होल मिल्कः होल दुधमा पाइने सबै प्राकृतिक बोसो र पोषक तत्वहरू हुन्छन्।

ख) कम बोसो भएको दुधः कम बोसो भएको दुधमा सम्पूर्ण दुधको तुलनामा कम बोसो हुन्छ, तर पनि दुधमा पाइने केही आवश्यक पोषक तत्वहरू पाइन्छ।

ग) स्किम मिल्कः स्किम मिल्कले पानी, प्रोटिन, कार्बोहाइड्रेट, भिटामिन र खनिज मात्र छोडेर लगभग सबै फ्याट हटाइदिन्छ।

घ) ल्याक्टोज-रहित दुधः ल्याक्टोज-मुक्त दुध भनेको ल्याक्टोज चिनी हटाउने दुध हो। ल्याक्टोज असहिष्णु भएका मानिसहरूका लागि यो दुध पचाउन सजिलो हुन्छ।

ङ) स्वादयुक्त दुधः स्वादयुक्त दुध भनेको चकलेट, स्ट्रबेरी, भेनिला वा अन्य स्वादहरूसँग स्वाद गरिएको दुध हो।

## दुधको बनावट

| जनावर | तत्वहरू | | | | | |
|---|---|---|---|---|---|---|
| | जलांस | जम्मा ठोस पदार्थ | चिल्लो पदार्थ | प्रोटिन | कार्ब्रोहाइड्रेट | खरानी |
| गाई | ८७.६ | १२.४ | ३.९ | ३.२ | ४.६ | ०.७ |
| भैंसी | ८२.६ | १७.४ | ७.५ | ४.३ | ४.८ | ०.८ |
| याक/नाक | ८२.३ | १७.७ | ६.६ | ५.५ | ४.६ | ०.९ |
| मानिस | ८८.३ | ११.७ | ३.४ | १.६ | ६.४ | ०.३ |
| बाखा | ८६.८ | १३.२ | ४.५ | ३.६ | ४.३ | ०.८ |
| भेडा | ८१.३ | १८.७ | ७.५ | ५.६ | ४.६ | १.० |
| जेबु | ८६.५ | १३.५ | ४.७ | ३.२ | ४.९ | ०.७ |

## दुधको गुणस्तर

| सि.नं. | दुग्ध पदार्थको नाम | न्यूनतम गुणस्तर खाद्य ऐन २०२३ अनुसार |
|---|---|---|
| १ | गाईको दुध | • न्यूनतम **Fat** ३.५%<br>• न्यूनतम **SNF** ७.५% |
| २ | भैसीको दुध | • न्यूनतम **Fat** ५%<br>• न्यूनतम **SNF** ८% |
| ३ | प्रसोधित दुध | • न्यूनतम **Fat** ३%<br>• न्यूनतम **SNF** ८% |
| ४ | क्रिम | • न्यूनतम **Fat** १८%<br>• न्यूनतम **SNF** % |
| ५ | मखन | • न्यूनतम **Fat** ८०%<br>• जलंस १६% तर लेवलमा उल्लेख गरेर १८% राख्न सकिने छ।<br>• बढीमा २% खाने नुन र रंग प्रयोग गर्न सकिन्छ। |
| ६ | दही | • गाई वा भैसी वा प्रसोधित दुधबाट बनेको हो त्यसको न्यूनतम |

| | | |
|---|---|---|
| | | मापदण्ड पुगेको हुनुपर्छ। |
| ७ | घ्यू | • न्यूनतम Fat ९९% <br>• न्यूनतम SNF 1% <br>• जलांस बढीमा ०.५% <br>• Fatty acide बढीमा ३% <br>• Budyrometter Reading मा ४२ देखि ४५ मा ४० डीग्रीसेल्सियस <br>• रिचर्ट मिसल भ्यालु २८ ननाघेको |
| ८ | उध्दसिप दुध | • न्यूनतम Fat ७.८% <br>• न्यूनतम SNF २५.९% |
| ९ | मधुरित संघणित दुध | • न्यूनतम Fat ८% <br>• न्यूनतम SNF २८% |

**दुधको बनावटमा असर गर्ने तत्वहरू**

**पशुको जातः** दुधको बनावटः पशुको जात अनुसार फरक फरक हुने गर्दछ। भैसीको दुधमा Fat धेरै हुन्छ भने गाईको दुधमा Fat कम हुने गर्दछ।

**वस्तु वस्तुमा फरकः** गाई भैसी एउटा ठूलो समूह हो। एउटा स्थानीय भैसी र मुर्रा भैसीको दुधको वनावटमा धेरै फरक हुने गर्दछ। त्यस्तै स्थानीय गाई र उन्नत गाईको दुधमा पनि फरक हुने गर्दछ।

**जनावरको शारिरीक अवस्थाः** जनावरको शारिरीक अवस्था रोगसंग लड्ने क्षमताका कारणले पनि दुधमा भिन्नता हुने गर्दछ। निरोगी पशु र विरामी पशुमा दुधको बनावट र परिमाण फरक फरक हुने गर्दछ। त्यस्तै एक वेत र अर्को वेतमा पनि दुधको बनावटमा फरक फरक पर्ने गर्दछ भने दुध दुहने समयले पनि प्रभाभ पार्ने गर्दछ।

**बिहान र बेलुकाको फरकः** पशुहरुमा बिहान र बेलुकाको दुधमा पनि फरक देखिन्छ। एकै फटक दुहुदा पनि पहिलो र अन्तिम सिर्कामा फरक हुने गर्दछ। समय अनुसार दुधको बनावट र परिमाणमा फरक पर्ने जान्छ।

**पशुको स्वास्थ्य अवस्थाः** दुध दिने पशुलाई थुनेलो भएको बेलामा पनि दुधको बनावटमा फरक पर्न जान्छ किनभने दुधमा भएका तत्वहरू घटबड हुन्छ।

**पशुले भाले खोजेको बेलाः** पशुले भाले खोजेको दुधको मात्रा ताथा बनावटमा फरक पर्ने हुन्छ।

**दुध दिने वस्तुको उमेरः** पशुले दुध दिने उमेरले पनि फरक पार्ने गर्दछ। किनभने कलिलो पशु र बुढा पशुको दुधको बनावट र परिमाण फरक हुन्छ।

**ऋतु र सिजनको फरकः** पशुहरुको दुधको बनावट र परिमाणमा ऋतु र सिजनको फरकले पनि घटबड हुने गर्दछ।

***(लेखक ओली भूमे गाउँपालिका पशु सेवा शाखा प्रमुख हुनुहुन्छ।)***

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८०/८१
चं. नं. ६४९

मितिः २०८०/०९।२८

बिषयः स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन नतिजा सम्बन्धमा।

स्थानीय तहको कार्यप्रकृया र उपलब्धीको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, बिकास तथा सुशासनमा रहेका कमिकमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार प्राप्त गर्न र सुधारमा अग्रसरता गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन नेपाल सरकारबाट स्वीकृत "स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङकन कार्यविधि, २०७७" बमोजिम यस गाउँपालिकाले आर्थिक वर्ष २०७९-८० मा सम्पादित कार्य र तथ्याङ्कहरुलाई सुचकको आधारमा स्वमूल्याङकन गरिएका अन्तिम नतिजा भूमे गाउँपालिका, गाउँपालिकाको कार्यालयको मिति २०८०-०९-२७ को बैठकबाट स्वीकृत भएकाले प्रकाशित स्वमुल्याङकनका नतिजा सार्वजनिक गरिएको बेहोरा अनुरोध छ ।

**भूमे गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (LISA) को नतिजा, २०८०**

| सूचक क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| सूचक क्षेत्र १: शासकीय प्रबन्ध | ९ | ८.५ | |
| सूचक क्षेत्र २: संगठन तथा प्रशासन | ८ | ७.५ | |
| सूचक ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ८.२ | |
| सूचक क्षेत्र ४: वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १०.५ | |
| सूचक क्षेत्र ५: सार्वजनिक सेवा प्रवाह | १६ | १६ | |
| सूचना क्षेत्र ६: न्यायिक कार्यसम्पादन | ७ | ५.९ | |
| सूचक क्षेत्र ७: भौतिक पूर्वाधार | १३ | ७ | |
| सूचक क्षेत्र ८: सामाजिक समावेशीकरण | १० | ९.५ | |
| सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ७.५ | |
| सूचक १०: सहकार्य र समन्वय | ६ | ६ | |
| जम्मा | १०० | ८६.७५ | |

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत